CAPV

# COMMUNITY ACTION HEAD START & EARLY LEARNING PROGRAMS







# अभिभावक हाते पुस्तिका

# विषयसूचीको तालिका


हाम्रो लक्ष्य. . . . . . . . . . . . . . . . . . . . . . . . . 2
हाम्रो पहुँच. . . . . . . . . . . . . . . . . . . . . . . . 3
HS र ELP सेवा क्षेत्र. . . . . . . . . . . . . . 4
हाम्रो निकाय. . . . . . . . . . . . . . . . . . . . . . . . . 5
अभिभावकका टेस्टिमोनिअलहरु. . . . . .. . . . . 6
हाम्रो कर्मचारी. . . . . . . . . . .. . . . . . . . . . . . . 7
थाहा हुनुपर्ने कुराहरु. . . . . . . . . . . .. . . . . . . 8
हेड स्टार्ट: पहिले र अहिले . . . . . . . . . . . . 10
योग्यता र उपस्थिति. . . . . . . . . . . . 11
बाल प्रमाणपत्र. . . . . . . . . . . . . . . . . . 12
हाम्रो सेवाहरू. . . . . . . . . . . . . . . . . . . . . 13
घरमा-आधारित सेवाहरू. . . . . . . . . . . . . . . . . 14
प्रारम्भिक हेड स्टार्ट. . . . . . . . . . . . . . . . . . . . 15
हेड स्टार्ट. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . 16
पारिवारिक बाल स्याहार. . . . . . . . . . . . . . . . . . . . . 17
पारिवारिक-स्वास्थ्य . . . . . . . . . . . . . . . . . . . . . . . 18
स्वास्थ्य र पोषण. . . . . . . . . . . . . . . . . . . . . . . . . 19
विकासात्मक सेवाहरू. . . . . . . . . . . . . . . . . . . . . . . 20
अधिवक्ता र नेतृत्वकर्ताहरूको रूपमा परिवारहरू. . 21
अध्ययनकर्ताहरूको रूपमा परिवारहरू. . . . . . . . . 22
शिक्षकहरूको रूपमा परिवारहरू. . . . . . . . . . . . . 23
कठोर मौसम. . . . . . . . . . . . . . . . . . . . . . . . . . . 24
हामीलाई सम्पर्क गर्नुहोस्! . . . . . . . . . . . . . . . . . . . 25
नोटहरू. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . 26

# हाम्रो लक्ष्य

हामीले  गर्ने सम्पूर्ण क्रियाकलापहरूमा परिवारहरूसँग साझेदारी गर्छौं र आफ्ना बालबालिकाहरूको अभिभावकहरू नै विशेषज्ञ हुन् भन्ने कुरामा विश्वास राख्दछौँ।

एकसाथ, हामी सशक्त र स्रोतसाधन सम्पन्न स्याहारकर्ता; मायालु, आत्मविश्वासी र जिज्ञासु बालबालिका; र उत्तरदायी, निवेशित समुदायहरूका लागि ठोस आधार निर्माण गर्छौं।

Brazelton Touchpoints Center

# हाम्रो कार्यविधि

हाम्रो कार्यक्रममा, हामी बाल विकासमा सहायता पुर्‍याउन स्याहारकर्ता कर्मचारी र अभिभावकहरू बीचको महत्त्वपूर्ण साझेदारीलाई महत्त्व दिन्छौं।

अभिभावकहरूले हाम्रो स्याहारमा भएका बालबालिकाहरूको बारेमा अथाह ज्ञान उपलब्ध गराउनुहुन्छ। हामीले हाम्रा कर्मचारी तथा अभिभावकहरूलाई हरेक अद्वितीय बच्चाको लागि उत्कृष्ट रणनीति तथा सहायताहरू सिर्जना गर्नका लागि सहकार्य गर्ने आजीवन प्रशिक्षार्थीका रूपमा हेर्छौं।


टचपोइन्ट्स (Touchpoints) भनेको साँस्कृतिक रूपमा उत्तरदायी पारिवारिक संलग्नता सम्बन्धी अभ्यास हो जसले परिवारहरूसँग गहिरो साझेदारी निर्माण गर्नका लागि कर्मचारीलाई औजारहरू प्रदान गर्छ र यसले माथि वर्णन गरिएका मान्यताहरूलाई प्रतिबिम्बित गर्दछ। यस कार्यविधिले बालबालिका तथा परिवारहरूका लागि परिणामहरूलाई सुधार गर्नुको साथसाथै कर्मचारीको तनावलाई कम गर्ने जस्तो देखिएकोले हामी यो कार्यविधिप्रति प्रतिबद्ध छौं।

**हामी टचपोइन्ट्स संस्था हौं।**

**ब्राजेल्टन टचपोइन्ट्स सेन्टरका डा. जेन सिड्गरले हाम्रो कार्यक्रमको बारेमा यस्तो भन्नुभयो:**

*"उहाँहरूले उच्च गुणस्तरीय स्याहार प्रदान गर्न पूर्ण रूपमा समर्पित भएर टचपोइन्ट्स कार्यविधि अवलम्बन गर्नुभएको छ। हेड स्टार्ट तथा प्रारम्भिक शिक्षा कार्यक्रम टचपोइन्ट्स टोलीले काम गरेको हेर्दा, मैले उहाँहरूले टचपोइन्ट्सको सम्बन्धमा आधारित अभ्यासहरू र सबल पक्षहरूमा आधारित व्यवहारहरूको प्रयोग उत्कृष्ट रूपमा गरेको देखेको छु।"*

# HS & ELP सेवा क्षेत्र



# हाम्रो निकाय

हाम्रो निकायले उच्च-गुणस्तर बाल स्याहारसँगको परिवारहरूलाई सहायता गर्छ साथसाथै उपत्यकाभरमा निम्न कार्यकर्महरू प्रदान गर्दछ:

- **महिला, शिशु र बालबालिका (WIC)**
- **युवा र कार्यदल विकासका कार्यक्रमहरू**
- **पारिवारिक सहायता कार्यक्रमहरू**
- **समयुदाय सेवाहरू**
- **शक्तिका कार्यक्रमहरू**

हाम्रो कार्यक्रमले सयौं मानिसहरूलाई उनीहरूको करहरू भर्ने र घरहरू तताउने, निष्कासन नगर्ने, उनीहरूको परिवारहरूलाई खाना खुलाउने, अन्य स्थानी अभिभावकहरूसँग जोडिने र त्यस्तै थप अन्यमा सहयोग गर्दछौं।

COMMUNITY ACTION
PIONEER VALLEY
Access • Opportunity • Community

**हेड स्टार्ट र प्रारम्भिक शिक्षा कार्यक्रमहरूको सहभागीको रूपमा, तपाईं सामुदायिक कार्यको छाता अन्तर्गतमा हुनुहुन्छ!**

**हामीले तपाईंलाई हाम्रो वेबसाइटमा जान प्रोत्साहन गर्छौं www.communityaction.us, हाम्रो मुख्य नम्बरमा कल गर्नुहोस् (413) 774-2318, वा थप अध्ययन गर्नको लागि कर्मचारी सदस्यसँग कुरा गर्नुहोस्!**

# अभिभावकका बयानहरू



"हेड स्टार्टले परिवारका सबै जनालाई समावेश गर्छ भन्ने बारेमा मलाई केही थाहा थिएन। विद्यार्थी र आमा बन्नुपर्ने चुनौतीहरूसँग संघर्ष गरिरहेकी एक कलिलो उमेरकी आमाको रूपमा मैले कार्यक्रमले उपलब्ध गराएका अतिरिक्त सहायताले वास्तवमै धेरै प्रगति गर्न सकेँ।"

—पूर्व नीति परिषद् अभिभावक

"म आफ्नो बोली आउन ढिलो भएको छोरालाई कसरी मद्दत गर्ने भनी बुझ्ने प्रयासमा चिन्तित र थकित भएको थिएँ। हाम्रो घरेलु आगन्तुक कर्मचारीले म आफ्नो छोरालाई सबैभन्दा राम्ररी जान्दछु भनी पुनः आश्वासन दिनुभयो। यो प्रोत्साहन र मेरो घरेलु आगन्तुक कर्मचारीको मद्दतको आडमा, मैले उसका सेवाहरू परिवर्तन गर्ने निर्णय गरें र उनले प्रभावकारी प्रगति गर्न सुरु गर्‍यो। मेरा घरेलु आगन्तुक कर्मचारीले मलाई म आफ्नो बच्चाको विशेषज्ञ हुँ जस्तो गरी व्यवहार गरेको हुनाले मलाई यो आत्मविश्वास जाग्यो। उहाँ एक निरन्तर, आलोचना नगर्ने खालको हुनुहुन्थ्यो जसले मलाई जहिले सहायता गर्नुभयो तर उपदेश दिनुभएन।"

—घरमा आधारित अभिभावक

"यो कार्यक्रमले हाम्रो बच्चाको लागि किन्डरगार्टेनमा सफल हुनका लागि एकदमै सार्थक आधार र तयारी गराएको छ। शिक्षक तथा प्रदायकहरूले परिवारको सामान्य विकास र हितको बारेमा पनि सरोकार राख्नुहुन्छ।"

—पारिवारिक सर्वेक्षणमा आएको टिप्पणी

# हाम्रो कर्मचारी

**हामीले काम गर्ने विषयमा तपाईं वा तपाईंको बच्चासँग भावुक हुने पेशेवर र व्यक्तिगत पृष्ठभूमिहरूमा विस्तृत रूपमा 160 भन्दा बढी कर्मचारीलाई समर्पित गरेका छौं!**

सबै कर्मचारीहरू विस्तृत पृष्ठभूमि जाँचहरू र राज्यका लक्ष्यहरू पूरा गर्न वा नाघ्न र उनीहरूको क्षेत्रमा दक्षताको संघीय योग्यताहरू मार्फत जान्छन्।




## तपाईंलाई थाहा थियो?

**हाम्राले हाम्रा कार्यक्रममा बस्न तिनीहरूको #1 कारणको रूपमा बालबालिका तथा परिवारहरूसँग गरेको कार्यलाई मुल्याङ्कन गर्छौं**

**हाम्रा 15% कर्मचारी पनि तपाईं जस्तै हेड स्टार्टआमाबुवा हुनुहुन्थ्यो!**

HS र ELP सिकाई संस्था हो र हामी सबै हाम्रो सक्दो प्रयास गरिरहेका छौं भनी सुनिश्चित गर्न निरन्तर पेशागत विकासमा सहभागी हुन्छौं!

हामीलाई हाम्रा कर्मचारीको मान छ र हामी सबैजनाको इन्पुटलाई सुन्दा शक्तिशाली हुन्छौ भन्ने कुरा थाहा छ त्यसैले हामी कर्मचारीलाई तिनीहरूको अनुभवहरूका बारेमा सोध्छौं र उनीहरूले के सोच्नुहुन्छ हामीले हाम्रा सेवाहरू अझ राम्रो बनाउँछौं।



# जान्नुपर्ने कुराहरू

1. हामी तपाईंलाई आफ्नो बच्चालाई खेल्नका लागि उपयुक्त कपडा लगाइदिन अनुरोध गर्छौं ! यसमा मौसम अनुकूल तह, सुरक्षित जुत्ता र फोहर हुने कला परियोजनाहरूका लागि थप एक सेट कपडा पनि पर्दछन् ।

2. हामीसँग कार्यक्रममा गर्नका लागि धेरै रमाइला कुराहरू छन्, त्यसकारण आफ्नो बच्चाका सामग्रीहरूलाई घरमा नै छोड्नुहोस् जसले गर्दा यहाँ रहँदा ती हराउने, चोरी हुने वा फुट्ने डर हुँदैन ।

3. हाम्रो कार्यक्रममा बालबालिकाहरूको स्वास्थ्य, विकासात्मक र व्यवहारजन्य परीक्षणहरू गरिन्छ । ती परीक्षा होइनन्, बरु तपाईंको अद्वितीय बच्चालाई जान्ने तरिकाहरू हुन् । कुनै पनि दुईवटा बच्चा समान तरिकाले विकसित हुँदैनन्, त्यसकारण यी परीक्षणहरू गर्नका लागि हामी तपाईंको सहमति माग्नेछौं । परीक्षणको अवधिमा तपाईं उपस्थित हुन सक्नुहुन्छ ।

4. सेवाहरू प्राप्त गर्नका लागि कुनै पनि बच्चालाई शौचालय जानेआउने प्रशिक्षण दिएको हुनुपर्छ भन्ने छैन । तपाईंको बच्चा तयार भएपछि शिक्षकहरूले तपाईंसँग सहकार्य गर्नेछन् ।

5. स्वास्थ्य तथा सुरक्षा सधैँ हाम्रो उच्च प्राथमिकताहरू रहेका छन् र यो कोभिड-19 माहामारीको समयमा अझ थप महत्वपूर्ण भएको छ। स्थानीय, राज्य तथा राष्ट्रिय मार्गनिर्देशनहरू सहित सबै बालबालिका, परिवारहरू तथा कर्मचारीको स्वास्थय तथा कल्याण सुनिश्चित गर्न हाम्रा प्रभावकारी स्वास्थ्य तथा पंक्तिबद्ध सुरक्षा प्रोटोकलहरू विकास भएका छन्। हाम्रा कर्मचारीले एकदमै हालैका प्रोटोकलहरूका लागि तपाईंलाई अनुकूल बनाउने छन्।

6. हेड स्टार्ट शैक्षिककर्ताहरू र परिवार अधिवक्ताहरूले लक्ष्य सेट गर्न र तपाईसँग परिचित हुनका लागि गृह भेटहरू सञ्चालन गर्दछन्। उनीहरूले तपाईंको बच्चाको शिक्षाको बारेमा कुरा गर्नका लागि अभिभावक सम्मेलनहरू पनि गर्दछन्। तपाईंले अतिरिक्त बैठक गर्न चाहानुहुन्छ भने तिनीहरूलाई सम्पर्क गर्ने उत्कृष्ट तरिकाको बारेमा आफ्नो कक्षाकोठा शिक्षककर्ताहरू सँग कुरा गर्नुहोस्।



**हाम्रा नीति तथा कार्यविधिहरू सर्वसाधारणका लागि निम्नमा सहजै उपलब्ध छन्:**

**www.communityaction.us/parenthandbook**

**हाम्रो कर्मचारीलाई अनुरोध गर्नुहोस् र उहाँहरूले तपाईंको लागि प्रतिलिपि सजिलै प्रिन्ट गर्न सक्नुहुन्छ!**

# हेड स्टार्ट: पहिले र अहिले



**1964 मा, राष्ट्रपति लिण्डन बी. जोन्सनले आफ्नो 'स्टेट अफ युनियन' सम्बोधनमा " गरिबी विरुद्ध युद्ध (The War on Poverty)" घोषणा गर्नुभयो।**

**हेड स्टार्ट यस पहलको एक भागको रूपमा अर्को वर्ष सुरु गरियो।** यो कार्यक्रम न्यून-आय भएका परिवारहरूलाई पूर्वप्राथमिक शिक्षा र विस्तृत सेवाहरू उपलब्ध गराएर गरिबीको चक्र तोड्नका लागि तयार गरिएको थियो। सुरुबाट नै केन्द्रिय नीति भनेको साँस्कृतिक रूपमा उत्तरदायी र पारिवारिक तथा सामुदायिक आवश्यकताहरू पूरा गर्नका लागि अभिभावकहरूको नेतृत्वमा सञ्चालन हुने कार्यक्रमहरू स्थापना गर्नु थियो। यो आज पनि उत्तिकै सान्दर्भिक छ।

हेड स्टार्टले 1995 देखि प्रारम्भिक हेड स्टार्ट सेवाहरू समावेश गरी विस्तार गरेको छ। यो संघीय कार्यक्रमले अहिले सबै 50 राज्यहरूमा गरेर 3.2 करोडभन्दा बढी बालबालिकाहरूलाई सेवा प्रदान गरिरहेको छ।


**पारिवारिक संलग्नता र नेतृत्वले हाम्रो कार्यक्रमको दिशालाई मार्गदर्शन दिन्छ र हामीले सामुदायिक आवश्यकताहरू प्रति उत्तरदायी भइरहेका छौं भन्ने कुरालाई सुनिश्चित गर्छ।**


हामीले बढ्दो मात्रामा भएका अनुसन्धानबाट के थाहा पायौं भने सम्पूर्ण साना बालबालिकाहरूको सिकाइ र विकासका लागि अभिभावक र परिवारको संलग्नता एकदमै महत्त्वपूर्ण हुन्छ। बालबालिका तथा तिनका परिवारहरूसँग बलियो सम्बन्ध निर्माण गरेर, हाम्रा कर्मचारी बालबालिकाहरूलाई विद्यालयमा सफल हुनमा मद्दत गर्न सक्षम हुन्छन्।

**हामीले कर्मचारी र स्याहारकर्ताहरू बीचको सञ्चार दुई-तर्फी होस् भन्ने चाहन्छौं।**

**तपाईंको रायसुझावलाई हामी कदर गर्दछौँ र हामी तपाईंबाट सुन्न चाहन्छौं!**







# योग्यता र उपस्थिति

**बालबालिका हेड स्टार्ट वा प्रारम्भिक हेड स्टार्ट सेवाहरूका लागि योग्य छन्:**

- उनीहरूको परिवारले संघीय गरीबी निर्देशिका पूरा गर्नुहुन्छ भने र/वा सार्वजनिक सहायता प्राप्त गर्नुहुन्छ भने
- उनीहरू फोस्ट बच्चा हुन् भने
- उनीहरू घरबारविहीन छन् भने

यद्यपि, धेरैजसो सहभागीहरू आम्दानी-योग्य हुनुपर्छ, हामीले स्थान भएअनुसार हल्का अधिक-आम्दानी भएका परिवारहरूलाई नाङ्कन गर्न सक्छौं।

**तपाईं वा तपाईंले चिन्नु भएको कुनै व्यक्तिले नामाङ्कन गर्न चाहनुहुन्छ?**

**हामीलाई (413) 387-1250 मा कल गर्नुहोस्!**

**वा थप अध्ययन गर्न र अनलाइनबाट आवेदन दिनको लागि हाम्रो वेबसाइट www.communityaction.us/hselp-enrollmentमा जानुहोस्**

**कार्यक्रममा एकपटक नामाङ्कित भएपछि:**

प्रारम्भिक हेड स्टार्ट को बच्चा प्रारम्भिक हेड स्टार्ट **कार्यक्रममा नसर्दासम्म योग्य रहिरहनुहुन्छ** प्रारम्भिक हेड स्टार्ट को बच्चा 2 **कार्यक्रम वर्षहरूको लागि योग्य रहिरहनुहुन्छ**

तपाईंको बच्चाले पारगम गरे अनुसार वा कार्यक्रममा कायम रहिरहे अनुसार योग्यतालाई पुनर्मूल्याङ्कन गरिन्छ।

## नियमित उपस्थिति

अनुकूल उपस्थिले तपाईंको बच्चाले हाम्रो कार्यक्रमबाट अधिकतम लाभ प्राप्त गर्नुहुन्छ र सम्पूर्ण परिवारलाई किन्डरगार्टेनको लागि तयारी गर्न मद्दत गर्नुहुन्छ भन्ने कुरा सुनिश्चित गर्छ!

तपाईंको बच्चा अनुपस्थित हुन गइरहनु भएको छ भने, तपाईंले आफ्नो साधारण आगमन समय पूर्व तपाईंको शिक्षक वा पारिवारिक अधिवक्तालाई सम्पर्क गर्नुपर्छ।

बसबाट यात्रा गर्नुहुन्छ भने, तपाईंले बिहान 6:45 बजे बस प्रस्थान गर्नु अघि बस रद्दीकरण लाइनलाई पनि कल गर्नुपर्छ।



# बच्चाका बयानहरू

"म विद्यालयमा हुँदा खेल तथा पहेलीहरू खेल्न मन पराउँछु।"

"दा-दा !"

"म केही कुरामा झगडा गर्दैछु भने मेरा शिक्षकहरूले मलाई मद्दत गर्नुहुन्छ।"

"म गोलो घेरामा बस्दा मेरा साथीहरूको छेउमा बस्न चाहन्छु।"



"म विद्यालयमा राम्रोसँग निदाउँछु। मलाई निदाउन मन पर्छ।"



"म मेरा शिक्षकहरूसँग हाउसकिपिङमा खेल्न मन पराउँछु।"

# हाम्रा सेवाहरू

प्रारम्भिक हेड स्टार्ट तथा हेड स्टार्ट कार्यक्रमले स्वास्थ्य, पोषण, पारिवारको वकालत, विकासात्मक सेवाहरू र थप कुराहरू लगायत विस्तृत सेवाहरूको दायरा समावेश गर्छ!



हाम्रा धेरैजसो केन्द्रहरू साना बालबालिकाको शिक्षाका लागि राष्ट्रिय संघ (NAEYC) द्वारा मान्यता-प्राप्त छन्। हाम्रो कक्षाकोठाका सबैजना राज्यको गुणस्तरीय मूल्याङ्कन सुधार प्रणाली (QRIS) मा सहभागी हुन्छन्।

## हाम्रो कार्यक्रमका विकल्पहरू

- सबै काउण्टीहरूका केन्द्रहरूमा **आंशिक-दिन/विद्यालय-वर्ष हेड स्टार्ट** (प्रिस्कूल)
- **केन्द्रहरूमापूर्ण-दिन/पूर्ण-वर्ष प्रारम्भिक हेड स्टार्ट तथा हेड स्टार्ट**(शिशु, बच्चा र प्रिस्कूल) र ह्याम्पशायर र फ्र्याङ्कलिन काउण्टीहरूमा पारिवारिक बाल स्याहार गृहहरू

  *म्यासाच्युट प्रारम्भिक शिक्षा तथा स्याहार विभाग (EEC) को वित्त व्यवस्थाले हाम्रो लागि पूर्णकालीन- सेवाहरू उपलब्ध गराउन यसलाई सम्भव बनाउँछ।*

- Westfield र Orange मा **विस्तारित-दिवा हेड स्टार्ट तथा प्रारम्भिक हेड स्टार्ट**
- **प्रारम्भिक हेड स्टार्ट तथा हेड स्टार्ट गृह भेट**

सबै काउण्टीहरूमा गर्भवती महिला, शिशु, बच्चा र प्रिस्कूलरहरूका लागि**(घरमा-आधारित सेवाहरू)**

## सबैलाई स्वागत छ!

हामीले हाम्रो भिन्नताहरूद्वारा समृद्ध बनाएका विविधताको सम्मान गर्दछौं! हामीले सबै पृष्ठभूमि, पारिवारिक संरचना र पहिचानहरूका मानिसहरूलाई स्वागत गर्छौं।

धेरैजसो परिवारहरूको प्रथम भाषा अङ्ग्रेजी होइन। द्विभाषिक हुनुको धेरै लाभहरू छन्, जसकारण हामी तपाईंको गृह भाषा जीवित राख्नका लागि तपाईंसँग कार्य गर्ने छौं। तपाईंको बच्चा हाम्रो स्याहारमा हुँदा हाम्रो कर्मचारीले तपाईंको पारिवारिक परम्पराहरूको तत्वहरूलाई सम्मिलित गर्नको लागि तपाईंसँग कार्य पनि गर्नुहुने छ।

हामीलाई हामीले उक्त गर्न सक्ने तरिका थाहा दिनुहोस्!

# घरमा आधारित सेवाहरू



हाम्रो घरमा आधारित कार्यक्रममा, हामी तपाईंको घरमा साप्ताहिक खेलमा आधारित क्रियाकलापहरू प्रदान गर्छौं, जुन तपाईंको बच्चाका रुचि तथा आवश्यकताहरू अनुरूप परिमार्जन गरिएका हुन्छन्।

तपाईंको आफ्नो सानो बच्चाको स्याहार गर्ने क्रममा तपाईंको हेड स्टार्ट घरेलु आगन्तुक कर्मचारीले तपाईंसँग साझेदारी गर्नेछन् र तपाईंको बच्चाको मुख्य शिक्षकको रूपमा तपाईंलाई सहायता प्रदान गर्नेछन्।

तपाईंले अन्य स्थानीय परिवारहरूसँग सम्बन्ध बढाउनका लागि जानकारी, रिफेरल सेवा र अवसरहरूमा पनि पहुँच प्राप्त गर्नुहुनेछ ।


## गर्भवती महिलाका लागि सेवाहरू

- हेड स्टार्ट तथा प्रारम्भिक शिक्षा कार्यक्रमका घरेलु आगन्तुक कर्मचारीहरूले गर्भावस्था, पालण-पोषण र बच्चा जन्माउने बारेमा थप जान्नका लागि तपाईं र तपाईंको परिवारसँग साझेदारी गर्नुहुनेछ।
- तपाईंका घरेलु आगन्तुक कर्मचारीले तपाईंका अद्वितीय आवश्यकता तथा प्रश्नहरूको आधारमा जानकारी वा प्रशिक्षणहरू उपलब्ध गराउनुहुनेछ।
- तपाईंको नवजात शिशुलाई सिधै हाम्रो प्रारम्भिक हेड स्टार्ट गृह-भेटघाट कार्यक्रममा समावेश गर्न सकिन्छ र हामीले निरन्तर रूपमा प्रसवोत्तर सहायता उपलब्ध गराउनेछौं।

# प्रारम्भिक मार्गदर्शनको सुरुवात

**जीवनको पहिलो तीन वर्षले सम्पूर्ण विकासको लागि आधार तयार गर्छ र हामीले साना बालबालिका तथा हाम्रो समुदायका परिवारहरूका लागि उच्च गुणस्तरको स्याहारको महत्त्व पहिचान गर्छौं।**

- **हामीले 6 हप्ता उमेर भएका नवजात शिशुहरूको स्याहार गर्छौं**
- **हामीले डायपर, वाइप तथा फर्मुला उपलब्ध गराउँछौं**
- **हामीले स्तनपानलाई पनि पूर्ण रूपमा समर्थन गर्छौं।**







Early Head Start केन्द्रहरूले प्राथमिक स्याहारकर्ता मोडेललाई उपयोग गर्छन्, जसले साना बालबालिकाहरूलाई हाम्रा स्याहार गर्ने प्रशिक्षकहरूसँग संलग्नकहरू विकास गर्न अनुमति दिन्छ। बच्चा तथा नवजात शिशुहरूलाई प्लेमार्फत सिक्न र स्याहार गर्ने सम्बन्ध र दैनिक कार्यतालिकाहरूको सन्दर्भमा सीपहरू निर्माण गर्न समर्थन गरिन्छ।

**पहिलो भाषा Early Head Start सेवाहरूको महत्त्वपूर्ण भाग हो र हामीले द्विभाषिक परिवारहरूलाई उनीहरूको गृह भाषाको प्रयोगमा सहायता गर्छौं।**

यो हाम्रो कार्यक्रमभरि सत्य हुने भएकाले, हामीले अभिभावकलाई बच्चाको पहिलो शिक्षकको रूपमा हेर्छौं र तपाईंका स्याहारकर्ताका प्राथमिकताहरू के-के हुन् भनी जान्न चाहन्छौं। हाम्रो कर्मचारीले तपाईं काममा वा विद्यालयमा हुँदा तपाईं वा तपाईंको बच्चालाई सहज राख्ने प्रबन्धहरू गर्न मद्दत गर्नुहुनेछ।

# Head Start



हामीले पारिवारक बाल स्याहार गृहहरूमा ठूला बहु-कक्षाकोठा भएका साइट, एउटा-कक्षाकोठा मोडेलहरूबाट Head Start का दर्जनौं साइटहरू सञ्चालन गर्छौं।




**हामीले बालबालिकाहरूलाई निर्देशन दिन र उनीहरू किन्डरगार्टेनका लागि तयार छन् भनी सुनिश्चित गर्न प्रशिक्षकहरूलाई लचिलो संरचना उपलब्ध गराउने "सिर्जनात्मक पाठ्यक्रम" प्रयोग गर्छौं।**

**बालबालिकाहरूले प्ले तथा ह्याण्डस्-अन** अनुभवहरूबाट सिक्छन्। दैनिक कार्यतालिकामा ठूला र साना सामूहिक क्रियाकलाप, काल्पनिक, बाल-निर्दिष्ट प्लेका लागि समय र प्रतिभावान बच्चा-प्रशिक्षकबीचका अन्तरक्रियाहरू समावेश हुन्छन्।

**हामीले परिवारहरू र समुदायसँग कार्य गर्छौं जसकारण बालबालिकाहरूले ख्याल गर्ने सम्बन्ध, आत्मविश्वास र उत्सुकता विकास गर्न सक्छन्।**

# पारिवारिक बाल स्याहार

Family Child Care ले घरजस्तै सेटिङ्मा विकासात्मक रूपमा उपयुक्त, बहु-उमेरको सिकाइ वातावरण प्रस्ताव गर्छ।

Community Action ले प्रारम्भिक शिक्षा तथा स्याहर विभागबाट इजाजतप्राप्त कार्यक्रमहरू सञ्चालन गर्ने पारिवारिक बाल स्याहार प्रशिक्षकहरूसँग सम्झौता गर्छ।



**तपाईंले सुरु गर्दा तपाईंको प्रशिक्षकले आफ्नो कार्यक्रम, समय, समापन, नामांकन, क्षमता र सहायताहरूको बारेमा जानकारी तपाईंसँग साझा गर्नुहुनेछ।**

# पारिवारिक कल्या-ण

हाम्रो उच्च गुणस्तर अध्ययन वातावरणहरूको साथमा, हामीले **विस्तृत सेवाहरू** को एक विस्तृत एरे पनि प्रदान गर्छौं। यसमा संलग्न छ (तर सीमित छैन ):

- **स्वास्थ्य तथा पोषण परीक्षण**
- **दन्त उपचार सिफारिसहरु**
- **खाना तथा नास्ता**
- **अध्ययनकर्ताहरूको रूपमा अभिभावकहरूका लागि संसाधनहरू**
- **मानसिक स्वास्थ्य सहायता**
- **विकासात्मक सेवाहरू तथा विशेष शिक्षा सहायता**
- **नेतृत्व तथा स्वयंसेवकका अवसरहरू**
- **सिफारिसहरू तथा पारिवारिक अधिवक्ता**
- **यातायात (उपलब्ध भएमा)**



हाम्रो लक्ष्य विवरण संकेतहरूको रूपमा, पारिवारिक संलग्नता हेड स्टार्टमा हामी सबैले गर्ने कार्यको मुटुमा छ, हामी आफै सबै परिवारहरूसँग सहभागी भएर र हाम्रो समुदायका अद्वितीय आवश्यकताहरूमा प्रतिक्रिया जनाएकोमा आफैले गौरव गर्छौं।

# स्वास्थ्य तथा पोषण



बालबालिकाहरूका लागि सुरक्षित महसुस गर्न, निरन्तर रूपमा उपस्थित हुन र सिक्नका तयार हुन उचित स्वास्थ्य भनेको आवश्यक आधार हो।

हाम्रा विशेषज्ञहरूले स्वास्थ्य जानकारी, परीक्षण र चिकित्सा स्याहारमा पहुँच उपलब्ध गराउन परिवारहरूले साझेदारी गर्नुहुनछ।

**बालबालिकाहरूले कार्यक्रममा प्रतिरक्षण, शारीरिक र दन्त जाँचहरू पूरा गर्न आवश्यक पर्छ र बालबालिकाहरू नवीनतम रहने अपेक्षा गरिन्छ। हामीले अतिरिक्त रूपमा परिवारहरूलाई आवश्यकता अनुसार विश्वसनीय, एकरूप र पहुँचयोग्य दन्त चिकित्सा, चकित्सकीय तथा मानसिक स्वास्थ्य सेवाहरू उपलब्ध गराउन पनि सहायता गर्छौं।**

हाम्रो कार्यक्रमले स्वस्थकर, उचति रूपमा सन्तुलित खाना तथा स्न्याकहरू उपलब्ध गराउँछ। USDA को बाल तथा वयस्क स्याहार खाद्य कार्यक्रमअन्तर्गत, हामीले खाद्य एलर्जी, असहिष्णुता वा प्रतिबन्धहरू भएको कुनै पनि बच्चाका लागि आहार परिमार्जनहरू विकास गर्नका लागि परिवारहरूसँग कार्य गर्छौं।

**सधैँजस्तै, तपाईंसँग कुनै पनि प्रश्न वा सरोकार छन् भने, कृपया आफ्नो प्रशिक्षक वा वकीललाई सम्पर्क गर्नुहोस्।**

# विकासात्मक सेवाहरू



सबै बालबालिकाहरूलाई समावेशी वातावरणमा सेवा प्रदान गर्ने Head Start को लक्ष्यको मुख्य भागमा छ।

हाम्रो बहु-विषयक टोलीले प्रत्येक बच्चाका व्यक्तिगत आवश्यकताहरूलाई समर्थन गर्न परिवारहरूसँग निकट रूपमा कार्य गर्छ। विकासात्मक ढिलाइ, असक्षमता वा अन्य विशेष आवश्यकताहरू भएका बालबालिकारहरूलाई हाम्रा ो कार्यक्रममा स्वागत गरिन्छ। हामीले धेरैजसो सामुदायिक सेवा एजेन्सीहरूसँग निकट साझेदारी गरेका छौं र हामीले हाम्रो कार्यक्रममा बच्चाको समय र सोभन्दा पछिको समयका लागि तपाईंलाई उपयुक्त सेवाहरूसँग सम्बन्धित भइराख्न मद्दत गर्न सक्छौं।

**हामीले तपाईंसँग साझेदारी गर्न चाहन्छौं र तपाईंको बच्चासँग काम गर्न चाहन्छौं र हामीलाई थाहा छ कि तपाईं आफ्नो बच्चाको उत्कृष्ट वकील हो।**

# अधिवक्ता र नेतृत्वकर्ताहरूको रूपमा परिवारहरू

## हामीलाई तपाईंको आवश्यकता छ!

नेतृत्वका भूमिकाहरू निर्वाह गर्ने आमाबुवाहरूले अझै राम्रो हुनका लागि आफ्नो समुदाय र उनीहरूका बालबालिका तथा आफ्नो जीवन परिवर्तन गर्न सक्छन्। **तपाईंको ठूलो वा सानो योगदानले हाम्रो कार्यक्रममा ठूलो भिन्नता ल्याउँछ!**

तपाईंलाई आफ्नो तालिका र इच्छामा आधारित रहेर हाम्रो कार्यक्रमको ठूलो भागको रूपमा धेरै अवसरहरू छन्।



प्रत्येक केन्द्र, पारिवारिक बाल स्याहार गृह, गृह आगन्तुक सुविधाहरू तपाईं आमाबुवाको समितिको भागको रूपमा स्थानीय नेतृत्वमा सहभागी हुन भएर तपाईंलाई के महत्त्वपूर्ण छ भन्ने बारे छलफल गर्ने **पारिवारिक बैठकहरू।**

प्रत्येक आमाबुवा समितिले कार्यक्रम नियन्त्रणमा सहभागी हुन र  महत्त्वपूर्ण निर्णहरूहरू कर्मचारी नियुक्त गर्ने, अनुदानको लागि आवेदन दिने र क्रियाकलापहरूमा तपाईंको अनुदान सञ्चय पैसाको प्रयोग कसरी गर्ने जस्ता विशेष निर्णयहरूमा मतदान गर्ने **नीति परिषद्** प्रतिनिधि पनि चयन गर्नुहुन्छ।

हामीसँग वार्षिक रूपमा जतिसक्दो साना 1-3 बैठकहरू गर्न आवश्यक पर्ने **सल्लाहकार समितिहरू** र **आत्म-मूल्याङ्कनमा ध्यान दिने समुहहरू** छन् जहाँ -तपाईंले हामीलाई हाम्रो दीर्घकालीन- योजना वा समुदाय,स्वास्थ्य, मौखिक स्वास्थ्य स्याहार, अशक्तता वा सामाजिक सेवाहरू जस्ता कुराहरूलाई प्रभाव पार्ने विशेष शीर्षकहरू बारे छलफल गर्नमा मद्दत गर्न सक्नुहुन्छ।

बैठकहरू तपाईंका लागि होइनन् भने, तपाईं अझै पनि आफ्नो बच्चाका फिल्ड **ट्रिप र विशेष क्रियाकलापहरू**मा उपस्थित भएर सहभागी हुन सक्नुहुन्छ।

# अध्ययनकर्ताहरूको रूपमा 0परिवारहरू

प्रत्येक वर्ष, हामी परिवारका सदस्यहरूका लागि हाम्रो **टचपोइन्ट™ आमाबुवा समूहहरूमा सामेल हुनका लागि** अवसरहरू प्रदान गर्छौं! आमाबुवाका समूहहरू भनेका तपाईंले आफ्नो परिवारको अद्वितीय यात्रालाई नेभिगेट गर्दै जाँदा आमाबुवालाई अन्य आमाबुवाहरूसँग साझेदार गर्ने सहायक वातावरण हुन्। Each प्रत्येक सत्रलाई निम्न उपकरणहरू सहित उपलब्ध गराउने छौं:

- तपाईंको बच्चाको विकास उत्कृष्ट रूपमा बुझ्न र मार्गदर्शक गर्न
- चुनौतीपूर्ण समय वा भ्रामक व्यवहारहरूमा मद्दत गर्न
- नजिक र सम्बद्ध रहन र आफ्नो बच्चासँग रमाइलो गर्न

**"म सबै आमाबुवाहरूलाई माया गर्छु। मलाई हामी सबैजना भिन्न-भिन्न पृष्ठभुमिहरूबाट आएको मन पर्छ तर हामी हाम्रो बालबालिकासँग समान गतिविधि र अनुभवहरू साझा गर्छौं "**
**—आमाबुवाको सहभागी**



**टचपोइन्टका पालन-पोषण पाठ्यक्रम**
बालबालिका तथा परिवारका सबलताहरूको अनुसन्धानमा-आधारित र केन्द्रित छ। 5 सत्रहरूको पाठ्यक्रम माथि, हामी तपाईंसँग निम्न कुराहरू अन्वेषण गर्न साझेदारी गर्ने छौं:

- तपाईंको अद्वितीय बच्चा पालन-पोषणको हर्ष तथा चुनौतिहरू
- तपाईंको बच्चाको विकास बुझ्न
- तपाईंको परिवारको संस्कृति तथा भाषा
- तपाईंका बालबालिकाको लागि पालन-पोषण तथा हेरचाह
- अनुशासन: आमाबुवाहरूको समय व्यवस्थापनमा तपाईंको भूमिका

**तपाईंको परिवारको अधिवक्ता, गृह आगन्तुकहरू वा शिक्षककर्तासँग समूहमा कसरी सामेल हुने भन्ने बारेमा कुरा गर्नुहोस्।**

# शिक्षककर्ताको रूपमा परिवारहरू

**तपाईं नियमित रूपमा कक्षाकोठामा स्थानापन्न शिक्षक वा स्वयंसेवक हुन चाहानुहुन्छ?**

## हामी तपाईंको मद्दत पाउँदा खुसी हुनेछौं!

पृष्ठभूमि जाँच पूरा र/वा लागू कसरी गर्ने भन्ने बारेमा हाम्रो कर्मचारीसँग कुरा गर्नुहोस्।

**स्थानापन्नहरू** पैसा कमाउन, मूल्यवान कार्य अनुभव प्राप्त र योजना बनाउने समय र बिदा लिन समय आवश्यक भएका कर्मचारीका लागि महत्वपूर्ण संसाधन हुन सक्नुहुन्छ।

**स्वयंसेवकहरूले** पैसा कमाउनु हुन्न तर उनीहरूले प्रदान गरेको समयले हाम्रो संघीय वित्त व्यवस्थाका लागि स्थानीय मिलान कोषहरूमा मद्दत गर्दछ (दायाँ तिर भएको विवरणहरू हेर्नुहोस्)।

### अहिले स्थानापन्न हुन तयार हुने हो?

www.communityaction.us/job-openings मा आफ्नो संक्षिप्त विवरण र एक आवरण पत्र पेश गर्नुहोस्

## तपाईं स्वयंसेवक हुँदा, हामी तपाईंको समयलाई अनुदानको रूपमा गणना गर्दछौं!

**1 घण्टा** स्वयंसेवक समय: **$20.00**

**2 घण्टा** पारिवारिक बैठकमा उपस्थित हुदाँ: **$55.72**

**1 महिनामा हप्ताको 1 घण्टा** तपाईंको बच्चालाई सुझाव गरिएको अध्ययन क्रियाकलापहरू: **$80.00**

नीति परिषद् प्रतिनिधिको रूपमा **1 घण्टा**: **$55.69**



# गम्भीर मौसम



**निश्चित अत्यन्तै जाडो हुने अवस्थाहरूमा, साइटहरू बन्द हुन सक्छन् र/वा यातायात रद्द हुनसक्छ।**

**यातायात रद्द, बन्द वा ढिलाइ भएमा, WGGB, च्यानल 40 मा सूचित गरिनेछ**

*यसमा पनि: www.wggb.com*

**रद्द वा ढिलाइ गरिएको बारेमा हाम्रा सम्पूर्ण केन्द्रहरूको लागि नवीनतम जानकारी Head Start मौसम लाइनमा पनि फेला पार्न सकिन्छ।**

पारिवारिक बाल स्याहार (FCC) का लागि, गम्भीर मौसम वा अन्य आपतकालीन अवस्थाले गर्दा Community Action बन्द हुँदाको घटनामा, FCC प्रशिक्षकहरूले HS का बालबालिकाहरूका लागि बन्द गर्नुपर्छ।

स्थानीय नगरमा विद्यालय बन्द हुन्छन् भने, उक्त नगरको FCC बन्द हुनसक्छ। बन्दको बारेमा जानकारीको लागि आफ्नो FCC प्रशिक्षकलाई सम्पर्क गर्नुहोस्।

कार्यक्रम समयमा भएका कुनै पनि परिवर्तनको बारेमा अभिभावकहरूसँग सञ्चार गर्नका लागि FCC प्रशिक्षकहरू उत्तरदायी हुन्छन्।

यातायात सेवा रद्द गरिएको बारेमा मौसम लाइनमा सूचित गरिनेछ।

# हामीलाई सम्पर्क गर्नुहोस्!

| साइट | मुख्य नम्बर | मौसम लाइन | बसको रद्दीकरण |
|---|---|---|---|
| Amherst सामुदायिक बाल स्याहार | 413-548-1290 | 413-387-1260 | 413-548-1264 |
| इस्टह्याम्पटन | 413-203-8270 | 413-387-1260 | 413-387-1282 |
| नर्थ एमहर्स्ट | 413-548-1282 | 413-387-1260 | 413-548-1264 |
| Vernon St, Northampton | 413-387-1200 | 413-387-1260 | 413-387-1282 |
| वेयर | 413-277-1275 | 413-387-1260 | 413-277-1213 |
| Central Street, Turners Falls | 413-475-1520 | 413-475-1560 | 413-475-1430 |
| G Street, Turners Falls | 413-475-1400 | 413-475-1560 | 413-475-1430 |
| नर्थ ओरेन्ज | 978-575-0522 | 413-475-1560 | 978-575-0522, एक्स्टेन्सन: 91 |
| Washington Street, Greenfield | 413-475-1530 | 413-475-1560 | 413-475-1430 |
| आगावाम | 413-654-1340 | 413-654-1760 | 413-654-1775 |
| वेस्टफिल्ड | 413-654-1750 | 413-654-1760 | 413-654-1775 |
| घरमा-आधारित निरीक्षकहरू | 413-475-1514 | | |
| पारिवारिक बाल स्याहार सल्लाकार | 413-387-1259 | | |



**हाम्रो वेबसाइटमा जाँच गर्नुहोस्: www.communityaction.us मा**

**हामी फेसबुकमा लाइक गरेको मन पराउँछौं!**
**www.facebook.com/CAPVHeadStart**

# Notes